यो आकाशवाणी हो।                17-12-25

सर्वप्रथम मुख्य समाचार।

- भारत र इथियोपिया एउटै परिवारका सदस्यका रूपमा  साथ खड़ा रहेको  र अधिक न्यायपूर्ण, अधिक समानतापूर्ण अनि अधिक शान्तिपूर्ण विश्वका लागि मिलेर काम गर्ने प्रधानमन्त्री मोदीको भनाई
- भूटानले  मनाइरहेकोछ आफ्नो एक सय अठाह्रौं  राष्ट्रीय दिवस.
- संसदले निरस्तीकरण र संशोधन विधेयक, दुई हजार पचिसलाई गरेको छ   पारित , अनि
- दिल्ली सरकार उद्योगहरूसंग लगातार संवाद र सहयोगका माध्यमले व्यापारलाई बलियो गर्नका लागि प्रतिबद्ध रहेको  छ मुख्यमन्त्री रेखा गुप्ताको भनाई

**अब समाचार विस्तारमा ।**

**35 प्रधानमन्त्री इथियोपिया दौरा**

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभयो, भारत र इथियोपिया एउटै परिवारका सदस्यका रूपमा  साथ खड़ा छ  र अधिक न्यायपूर्ण, अधिक समानतापूर्ण र अधिक शान्तिपूर्ण विश्वका लागि मिलेर काम गर्नेछ । प्रधानमन्त्रीले आज बिहान इथियोपियाको संसदको संयुक्त सत्रलाई सम्बोधन गर्नुभयो । वैश्विक दक्षिणको आकांक्षाहरू बारे प्रधानमन्त्रीले भन्नुभयो, वैश्विक दक्षिणले  आफ्नो भविष्य स्वयं लेखीरहेको छ अनि  भारत र इथियोपियाले यसका लागि एउटा साझा दृष्टिकोण राख्छ । दुबै देश बीचको पुरानो सम्बन्धलाई रेखाङ्कित गर्दै प्रधानमन्त्री मोदीले भन्नुभयो, एकजुटतामा शक्ति छ र सहयोगमा सामर्थ्य छ । प्रधानमन्त्रीले भन्नुभयो, उहाँको शासनकालको पछिलो एघाह्र वर्षमा दुबै देश  बीच सम्बन्ध धेरै  बढ़ेको छ।

**भूटान-राष्ट्रीय दिवस**

भूटानले  आज आफ्नो एक सय अठाह्रौं  राष्ट्रीय दिवस मनाइरहेकोछ । यस अवसरमा प्रधानमन्त्री शेरिङ्ग तोबगेले देशवासीलाई शुभकामना दिनुभयो । सोशल मीडिया पोस्टमा श्री तोबगेले भन्नुभयो, यो दिवस भूटान नरेशहरूको दूरदर्शी नेतृत्व, एकता र मूल्यको सम्मानको प्रतीक हो जसले  भूटानलाई एउटा विशेष देश बनाउँछ । भूटानमा राष्ट्रीय दिवसको आयोजना देशका प्रथम नरेश उग्येन वाङ्गचुकको उन्नाइस सय सातमाभएको राज्याभिषेकको स्मृतिमा मनाइन्छ । यस अवसरमा भव्य समारोह र सांस्कृतिक कार्यक्रम आयोजना गरिन्छ तथा राष्ट्रीय गौरवको प्रदर्शन पनि गरिनेछ।

**56. राज्यसभा-निरस्तीकरण एवं संशोधन विधेयक**

संसदले निरस्तीकरण र संशोधन विधेयक, दुई हजार पचिस  पारित गरेको छ । राज्यसभाले आज चर्चा पछि यसलाई स्वीकृती दिएको हो । लोकसभाले यसलाई पहिले नै पारित गरिसकेको छ । विधेयकमा केही अधिनियमहरूलाई निरस्त गर्न र केही अन्य अधिनियमहरूमा संशोधन गर्ने प्रावधान छ। यो विधेयकले

भारतीय ट्रामवे अधिनियम अठाह्र सय छयासी, लेवी चीनी मूल्य समतुल्यकरण निधि अधिनियम, अन्नाइससय छयहत्तर र भारत पेट्रोलियम निगम लिमिटेड अधिनियम, उन्नाइस सय अठासी सहित एकहत्तर अधिनियमहरूलाई निरस्त गर्छ। विधेयकमा चार अधिनियहरूमा संशोधन पनि गरिएकोछ।

**सीतारामन- आईईसी**

वित्त मन्त्री निर्मला सीतारमणले भन्नुभएकोछ, पछिलो एक दशकमा देशले हर क्षेत्रमा राम्रो विकास गरेकोछ। आज नयाँ दिल्लीमा भारतीय आर्थिक सम्मेलनलाई सम्बोधन गर्दै श्रीमती सीतारमणले भन्नुभयो, देशले वित्तीय समावेशन, कार्यबलमा महिलाहरूको भागीदारी, राम्रो पोषणका साथ-साथ परिवारका लागि वित्तीय तथा बैङ्किङ्ग पहुँचलाई सुनिश्चित बनाउनमा महत्वपूर्ण योगदान दिएकोछ। वित्त मन्त्रीले भन्नुभयो सरकारले आम नागरिकलाई निर्धारित प्रीमियममा न्यूनतम बुनियादी बीमा सुनिश्चित गरेकोछ, जो कतै पनि बोझ लाग्दैन। उहाँले भन्नुभयो, साना उद्यमीहरूका लागि पनि सरकारले सड़कलाई राजमार्ग संग जोड्ने, बाजार सम्म पहुंच बनाउने र समग्र स्वास्थ्य सेवा सुनिश्चित गर्नमा ध्यान केन्द्रित गरेकोछ।

**59. ओमान-पीयूष गोयल- सीईपीए**

केन्द्रीय वाणिज्य र उद्योग मन्त्री पीयूष गोयलले घोषणा गर्नुभयो, भोली प्रधानमन्त्री नरेन्द्र मोदी र ओमानका सुल्तानको उपस्थितीमा एउटा मुक्त व्यापार समझौता, **कम्प्रीहेन्सीव इकोनमिक पार्टनरशिप एग्रीमेन्ट-सी .ई. पी. ए,**-मा हस्ताक्षर गरिनेछ। आज ओमानको राजधानी मस्कतमा ओमान-इण्डिया बिजनेस डायलगलाई सम्बोधन गर्दै श्री गोयलले भन्नुभयो, यस समझौता पछि दुबै देशको विकासमा एउटा नयाँ अध्याय जुड़ीनेछ। **सी. ई. पी. ए-** को उद्देश्य दुबै देश बीच व्यापारलाई बढ़ाउनु हो।

**समाचार आकाशवाणीबाट सुन्दैहुनुहुन्छ।**

**लोकसभा - खाद्यान्न भंडारण**

सरकारले भनेकोछ, खाद्यान्न भण्डारणका लागि विभिन्न राज्यमा भारतीय खाद्य निगम, एफ.सी.आई-को ढाई हजार भन्दा अधिक गोदाम वर्तमानमा कार्यरत छ। उपभोक्ता मामिला राज्य मन्त्री निमुबेन बम-भानियाले आज लोकसभामा एउटा प्रश्नको लिखित उत्तरमा यो जानकारी दिनुभयो। उहाँले बताउनुभयो, देशमा खाद्य सुरक्षा सुनिश्चित गर्नका लागि बफर र रणनीतिक भण्डार बनाइ राखन सकियोस् भनेर एफ.सी.आईले मुख्य रूपले धान, चावल र गहूको खरीद गर्छ। मन्त्रीले भन्नुभयो, यस वर्षको नवेम्बर सम्म, एफ.सी.आई का पासमा उपलब्ध कुल भण्डारण क्षमता चार सय बयासी लाख मीट्रिक टन भन्दा अधिक छ।

उहाँले बताउनुभयो, सरकारले भण्डारण अवसंरचनाको आधुनिकीकरण र विस्तारका लागि विभिन्न कदम उठाएकोछ , जसमा वैज्ञानिक भण्डारणलाई बढ़ावा देन‌ु र निजी क्षेत्रको भागीदारी शाम‌ेल छ । श्रीमती बम्भानियाले भन्नुभयो, खाद्य एवं सार्वजनिक वितरण विभाग पायलट आधारमा भारतीय खाद्य निगमका एक सय पचास स्वामित्व भएको डिपोलाई स्मार्ट गोदामहरूमा रूपान्तरित गर्ने प्रक्रियामा छ ।

### दिल्ली - मुख्यमंत्री बैठक

मुख्यमन्त्री रेखा गुप्ताले भन्नुभयो, दिल्ली सरकार उद्योगहरूसंग लगातार संवाद र सहयोगका माध्यमले व्यापारलाई बलियो गर्नका लागि प्रतिबद्ध छ, श्रीमती गुप्ताले आज नेशनल ट्रेड कन्फ्रेन्स अफ़ **Aluminum Utensils Manufacturing** कार्यक्रमलाई सम्बोधन गर्दै यो जानकारी दिनुभएको हो । मुख्यमन्त्रीले बताउनुभयो, यस्तो मन्चले सरकार र उद्योगलाई संगै जोड‌्छ । उहाँले भन्नुभयो, यसले गुणवत्ता सुद्रिन्छ, नवाचारलाई बढ़ावा मिल‌्छ र आत्मनिर्भर भारतको निर्माणमा सामुहिक भावना पनि बलियो हुन्छ।

### 54. लोकसभा - परमाणु विधेयक

लोकसभामा आज परमाणु ऊर्जाको स्थायी उपयोग र उन्नति विधेयक, दुई हजार पचिस पेश गरियो । यसको उद्देश‌्य परमाणु ऊर्जा उत्पादनका लागि परमाणु ऊर्जा र आयनीकरण विकिरणको विकास गर्नु हो । यसले यसको सुरक्षित उपयोगका लागि एउटा बलियो नियामक ढा‌ँचा प्रदान गर्छ । यसक‌ा माध्यमले परमाणु ऊर्जा नियामक बोर्डको गठन र परमाणु ऊर्जा निवारण सलाहकार परिषदको स्थापना पनि गर्नसकिन्छ । यस विधेयकले परमाणु दुर्घटनाको स्थितिमा केन्द्र सरकारको जवाबदेही तय गर्ने पनि प्रावधान गर्छ। केन्द्र सरकारले विधेयक अन्तर्गत आफ्नो जवाबदेही पूरा गर्ने उद्देश्यले एउटा परमाणु जवाबदेही कोष स्थापित गरेकोछ।

### प्रसाद - एआई उद्घाटन

इलेक्ट्र‌ोनिक्स र सूचना प्रौद्योगिकी राज्य मन्त्री जितिन प्रसादले भन्नुभयो, अग‌िल‌ो वर्ष नयाँ दिल्लीमा आयोजना हुने ए.आई इम्पैक्ट समिट मानव पून्जीले , सामाजिक सशक्तिकरण र सुरक्षित तथा विश्वसनीय कृत्रिम बुद्धिमत्ताका लागि एक ठोस रोडमैप तयार गर्ने मन्च प्रदान गर्नेछ। आफ्नो सम्बोधनमा उहाँले शिखर सम्मेलनको तीन मूल सिद्धान्तहरू - मानिस, ग्रह र प्रगति –लाई प्रस्तुत गर्नुभयो।

अनत्यमा मुख्य समाचार फेरि एकपल्ट

- भारत र इथियोपिया एउटै परिवारका सदस्यका रूपमा  साथ खड़ा रहेको  र अधिक न्यायपूर्ण, अधिक समानतापूर्ण अनि अधिक शान्तिपूर्ण विश्वका लागि मिलेर काम गर्ने प्रधानमन्त्री मोदीको भनाई
- भूटानले  मनाइरहेकोछ आफ्नो एक सय अठाह्रौं  राष्ट्रीय दिवस.
- संसदले निरस्तीकरण र संशोधन विधेयक, दुई हजार पचिसलाई गरेको छ   पारित , अनि
- दिल्ली सरकार उद्योगहरूसंग लगातार संवाद र सहयोगका माध्यमले व्यापारलाई बलियो गर्नका लागि प्रतिबद्ध रहेको  छ मुख्यमन्त्री रेखा गुप्ताको भनाई